म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८
म.जि.हु.का.द.नं.
३०/०६५/०७०
बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र
# समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष:१४ अङ्क:- ३२१ २०८० असोज ३० गते मंगलबार 17 October 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## हेटौंडाका बैंकमा नयाँ नोट नपाउने

हेटौंडाः हेटौंडाका बैंकमा नयाँ नोट नपाउने भएको छ। नेपाल राष्ट्र बैंकले सोमबारदेखि दशैं-तिहार लक्षित नयाँ नोट सटही सुविधा दिने भने तापनि हेटौंडामा यसपालि नयाँ नोट नआएको नेपाल बैंकको हेटौंडा शाखाका प्रमुख तेजप्रसाद नेपालले जानकारी दिनुभयो। राष्ट्र बैंकले सोमबारदेखि नयाँ नोट सटही सुविधा हुने भनी सुचना जारी गरेको थियो। चाडवाड लागेसँगै बैंकमा भिडभाड बढेको छ। बैंकमा पहिले ४-५ करोड कारोबार हुनेमा अहिले एकै दिन १२ करोड रुपैयाँसम्म बैंकबाट झिकिएको प्रमुख नेपालले बताउनुभयो। नयाँ नोट नेपाल राष्ट्र बैंकले आफैंले वितरण गरेको नेपालले जानकारी दिनुहुँदै राष्ट्र बैंकले काठमाडौं, भरतपुर, नेपालगञ्ज, भैरहवा, जनकपुर, विराटनगर, पोखरा र विरगंजमा सटही सुविधा रहेको छ।

# कार्यपालिकाको निर्णय यसपटक पनि सार्वजनिक हुन सकेन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठक शनिबार बिहान बसेको छ। यो महिनाको नियमित बैठक बस्न नसके पनि असोज २७ गते शनिबार बिहान बैठक बसेको हो। कार्यपालिकाको नियमित बैठक हरेक महिनाको २ गते र १६ गते बस्ने कार्यतालिका भए पनि चालु आर्थिक वर्षको तीन महिना नै नियमित बैठक बस्न सकेको छैन। शनिबारको बैठकको विषयमा पनि अघिल्लो दिन मात्रै कार्यपालिका सदस्यहरुलाई जानकारी गराइएको थियो। बैठकका निर्णयहरु भने उपमहानगरपालिकाले सार्वजनिक गरेको छैन।

नगरप्रमुख मीना कुमारी लामाको अध्यक्षतामा बसेको बैठकमा उपप्रमुख राजेश बानियाँ भने अनुपस्थित हुनुहुन्थ्यो। उपप्रमुख बानियाँसहित ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, ६ नम्बर वडा अध्यक्ष विष्णुबहादुर दाहाल, १२ नम्बर वडाका कार्यवाहक अध्यक्ष ज्ञानबहादुर श्रेष्ठ, १४ नम्बर वडा अध्यक्ष दीपक खड्का, १५ नम्बर वडा अध्यक्ष सुनिल मोक्तान, १६ नम्बर वडा अध्यक्ष रामकृष्ण कोइराला, १७ नम्बर वडा अध्यक्ष उद्धव सत्याल र १८ नम्बर वडा अध्यक्ष अनिलकुमार बानियाँ पनि अनुपस्थित हुनुहुन्थ्यो।

एकजना वडा अध्यक्षका अनुसार बैठकमा कार्यपालिका सदस्य, आउने जाने भइरहन्छ। बैठकमा निर्णयहरु के के लेखिन्छन् त्यो पनि थाहा नहुने वडा अध्यक्षको गुनासो छ। कार्यपालिका बैठकका निर्णय लेख्न नै २, ३ दिन समय लाग्ने र निर्णयको प्रमाणीकरण नगरप्रमुख र कार्यकारी अधिकृतले गर्ने व्यवस्था गरिएको छ। जनप्रतिनिधिले गरेका निर्णय नगरवासीले थाहा पाउन नसकेकोमा चर्को आलोचना भइरहँदा पनि नगरप्रमुखले निरन्तर बेवास्ता गर्दै आउनुभएको छ।

प्रमुख प्रशासकीय अधिकृतदेखि प्रशासन शाखाका कर्मचारी समेत कार्यपालिका बैठकका निर्णयहरु सार्वजनिक गर्नुपर्ने आवश्यकताप्रति सकारात्मक देखिए पनि निर्णय सार्वजनिक गर्नुपर्ने जिम्मेवारीबाट भने निरन्तर पन्छिरहेका छन्। यसअघि पनि कार्यपालिका बैठकका निर्णयहरु सार्वजनिक नुहने गरेको उल्लेख गर्दै अहिले पनि सार्वजनिक गर्नु आवश्यक नभएको भन्ने जस्तो प्रतिक्रिया दिने गरेका छन्। कार्यपालिका बैठकमा अस्वभाविक निर्णयहरु हुने, आर्थिक सहयोगका विषयमा बढी निर्णय हुने भएकोले पनि निर्णयहरु सार्वजनिक भइरहेका छैनन्। नगरउपप्रमुख राजेश बानियाँसँगै केही वडा अध्यक्षहरुले आगामी बैठकका निर्णय भने सार्वजनिक गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुन्छ।

# हेटौंडा उपमहानगर कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधी ओमनगरलाई



उपाधि साथ ओमनगर क्रिकेट क्लबको टिम ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधी ओमनगर क्रिकेट क्लबले जितेको छ। सोमबार हेटौंडा-४, हुप्रचौरमा भएको फाइनल खेलमा ओमनगर क्रिकेट क्लबले मकवानपुर क्रिकेट क्लबलाई १ विकेटले हराउँदै उपाधि जितेको हो।

टस जितेर पहिले व्याटिङमा उत्रिएको मकवानपुर क्रिकेट क्लबले १८ ओभरमा सबै विकेट गुमाएर ७५ रन मात्रै बनाउन सफल भयो। जवाफी व्याटिङमा उत्रिएको ओमनगरले १८ ओभरमा ९ विकेट गुमाएर लक्ष्य भेट्टायो। ओमनगर क्रिकेट क्लबको तर्फबाट ज्ञानेस सिंहले सबैभन्दा बढी १७ रन बनाएका थिए। त्यस्तै पियुस शर्माले १० रन जोडे। मकवानपुर क्रिकेट क्लबको तर्फबाट सबैभन्दा बढी सन्तोष उपाध्यायले १६ रन बनाएका थिए। रिजनले १३ रन र सुमन सुनारले ११ रन बनाएका थिए। मकवानपुर क्रिकेट क्लबको तर्फबाट रिजन ढकालले ४ विकेट, राम नरेश गिरीले ३ विकेट र साकार गजुरेलले १ विकेट लिएका थिए। ओमनगरको तर्फबाट ज्ञानेस सिंहले ३ विकेट, पिउस शर्माले ३ विकेट र असिम श्रेष्ठले १ विकेट लिएका थिए।

म्यान अफ द म्याच ओमनगरका ज्ञानेस सिंह घोषित भए। प्रतियोगिताको उपाधी विजेता ओमनगरको टिमले १ लाख रुपैयाँ र उपविजेता मकवानपुर क्रिकेट क्लबको टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन्। ओमनगरका ज्ञानेस सिंह प्लेयर अफ द म्याच घोषित भए। प्लेयर अफ द टुर्नामेन्ट नारायणी कलेजका सुवेन्द्र पासवान घोषित भएका छन्। उनले १० हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे। वेस्ट व्याट्सम्यान घोषित हुँदै मकवानपुर क्रिकेट क्लबका सुमन सुनारले नगद ५ हजार रुपैयाँ र ट्रफी प्राप्त गरे। वेस्ट बलर मकवानपुर क्रिकेट क्लबका रिजन ढकाल घोषित भए।

उदीयमान खेलाडीको रुपमा ओमनगरका गोकुल अधिकारी घोषित हुँदै नगद ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरेका छन्। उदीयमान खेलाडीका लागि नगद रकम मकवानपुर जिल्ला क्रिकेट संघका पूर्वसचिव दिपेन्द्र ढकालले प्रायोजन गर्नुभएको थियो। यस्तै प्लेयर अफ द म्याच र प्लेयर अफ द टुर्नामेन्टलाई एक एक जोड गोल्डस्टार ब्राण्डको स्पोर्टस् सुज समितकृष्ण गोर्खालीले प्रदान गर्नुभयो। हेटौंडा उपमहानगरपालिकाको सहयोगमा मकवानपुर जिल्ला क्रिकेट संघले आयोजना गरेको प्रतियोगितामा १६ वटा टिमहरुको सहभागिता रहेको थियो। प्रतियोगिताको संयोजक मकवानपुर जिल्ला क्रिकेट संघका उपाध्यक्ष ईश्वरप्रसाद मैनाली हुनुहुन्थ्यो।

मकवानपुर जिल्ला क्रिकेट संघका अध्यक्ष करण महत्राको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको थियो। कार्यक्रममा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्की, मकवानपुर जिल्ला क्रिकेट संघका निवर्तमान अध्यक्ष बासुलाल श्रेष्ठ, हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीको पनि आतिथ्य रहेको थियो।

# कुकुरसहित सुरक्षाजाँच सुरु


सुरक्षाजाँच गर्दै तालिमप्राप्त कुकुर ।

समाज संवाददाता

हेटौंडाः हेटौंडामा तालिम प्राप्त कुकुरसहित विशेष सुरक्षाजाँच सुरु भएको छ। चाडपर्वलाई लक्षित गरी सोमबारबाट पूर्व-पश्चिम सडकखण्डस्थित हेटौंडा-१५, रातोमाटे चेकपोष्टमा बागमती प्रदेश प्रहरी कार्यालय केनाईन (डग शाखा), ईलाका प्रहरी कार्यालय पशुपतिनगर र प्रहरी चौकी रातोमाटेको संयुक्त टोलिले सुरक्षाजाँच सुरु गरेको हो।

नजिकिँदै गरेको चाडपर्वलाई लक्षित गरी मकवानपुर जिल्लामा प्रवेश गर्ने तथा बाहिरिने सवारी साधनहरुमा प्रतिबन्धित बस्तुहरु पट्का, लागु औषध, भन्सार छलिका सामानहरु लगायत अन्य विस्फोटक पदार्थहरु समेत ओसार-पसार हुन सक्ने भएकोले तालिम प्राप्त कुकुर सहितको विशेष सुरक्षाजाँच सुरु गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।






## सम्पादकीय

# सुधारको पर्खाइमा सुधार गृह

नेपालको संविधान २०७२, बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि १९८९ र बालबालिका सम्बन्धी ऐन २०७५ ले बालबालिकाले गरेको कसूर अपराध नभई गल्ती हुने आशय राखेको छ । सोहीबमोजिम आपराधिक क्रियाकलापमा संलग्न बालबालिकालाई सुधार र पुनर्स्थापनाका लागि बाल सुधार गृह स्थापना गरिएका छन् । हाल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रायलले भक्तपुर, हेटौंडा, वीरगञ्ज, पोखरा, भैरहवा, नेपालगञ्ज, विराटनगरसहित देशभर ८ वटा बाल सुधार गृह सञ्चालन गरिरहेको छ । बालबालिकाले परिस्थितिजन्य कार्य वा सामाजिकीकरणका कारणले दीर्घकालीन परिणाम सोच्न नसकेर हठातमा कसूर गर्दछन् भन्ने मान्यताअनुरुप उनीहरुलाई कैदका निम्ति होइन, सुधार र पुनर्स्थापना नभएसम्मका लागि बाल सुधार गृहमा राख्नुपर्छ भन्ने परिकल्पना गरिएको हो । बाल सुधार गृहमा रहेका बालबालिकाहरु अस्थायीरुपमा त्यहाँ रहने हो । सुधार गृहमा राखिएका बालबालिकामा कुनै पनि बेला सुधारको लक्ष्यण देखिएपछि उनीहरुलाई परिवार तथा समाजमा पुनर्स्थापना गर्ने आशयले बाल सुधार गृह सञ्चालन गरिएको हो ।

नेपालमा जुन आशय र उद्देश्यले बाल सुधार गृह सञ्चालन गरिएका छन्, त्यो अनुसार सुधार गृह सञ्चालन भइरहेका छैनन् । सञ्चालित सुधार गृहहरुको भौतिक पूर्वाधारको अवस्था निकै कमजोर छ । ऐन, नियमावलीले तोकेका मापदण्डअनुसारका बाल सुधार गृह छैनन् । साँघुरो भौतिक पूर्वाधाररहेकाले एकैठाउँमा सबै उमेरका बालबालिका बस्नुपर्ने अवस्था छ । विभिन्न प्रकृतिका बिज्याइँ गरेका बालबालिका सबै एकैठाउँमा राखिँदा सुधार गृहका बालबालिकाबीच द्वन्द्व र तनावको परिस्थिति सिर्जना हुने गरेको छ । बाल सुधार गृहरुमा उपयुक्त र तालिम प्राप्त जनशक्ति छैनन् । यस्तै, बाल सुधार गृह सञ्चालनको तरिका र मोडालिटीबारे पनि स्पष्टता छैन । बाल सुधार गृह जेलजस्तो होइन, तर हाम्रा सुधार गृह जेलसरह सञ्चालन भइरहेका छन् । बाल सुधार गृह र परम्परागत जेलमा खासै फरक नहुँदा सुधार गृहले बालबालिकालाई सुधार गर्न नसकेको मात्र होइन, आफैं सुधारको पर्खाइमा बसिरहेको आभाष हुन्छ ।

हेटौंडामा रहेको बाल सुधार गृहको अवस्थाले देशभरका बाल सुधार गृहको वास्तविकता उजागर गरेको छ । सुधार गृहको भौतिक संरचनाअनुसार ३० देखि ३५ जनाको क्षमता भए पनि गृहमा ७८ जना बालक छन् । गृहमा जबरजस्ती करणी, कर्तव्य ज्यान, लागूऔषध, चोरी, डाँका, सवारी ज्यानलगायत कसूरमा पक्राउ परेका बालकहरु छन् । सुधार गृहको ४ वटा कोठामा ७८ जना बालक राखिएका छन् । शौचालय २ वटामात्र रहेको छ । खेलमैदानको त कुरै छाडौं, पर्याप्त खुल्ला स्थानसमेत छैन । विभिन्न संस्था तथा व्यक्तिको सहयोगमा एउटा पुस्तकालय सुधार गृहमा रहेको भए पनि त्यहाँ रहेका बालहरु औपचारिक शिक्षाको अवसरबाट वञ्चित छन् । १८ वर्ष मुनिकालाई मात्र सुधार गृहमा राख्नुपर्ने भए पनि १८ वर्ष उमेरभन्दा माथिका बालकसमेत राखिएका छन् ।

पछिल्लो समय बाल सुधार गृहहरु विवाद र झगडाको अखडा बनिरहेको छ । केही समयअघि भक्तपुर ठिमीस्थित बाल सुधार गृहमा विवाद भएपछि त्यहाँका झण्डै ३ सय बालक सुधार गृहबाट भागेका थिए । उनीहरुलाई हेटौंडासहित अन्यत्रका बाल सुधार गृहमा स्थानान्तरण गरिएको थियो । वीरगञ्जमा रहेको सुधार गृहमा पनि झडप हुँदा १५ जना बालक घाइते भएका थिए भने नेपालगञ्जको बाल सुधार गृहमा भएको झडपमा १ जना बालकको मृत्यु र ११ जना बालक घाइते भएका थिए । बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएर उनीहरु कसुरदार भएका मुद्दामा उमेरअनुसार सजायको व्यवस्था गरिएको छ । बालबालिकालाई कैद सजाय तोकिए पनि उनीहरुलाई सुधार गृहमै राख्नुपर्ने कानुनी व्यवस्था भए पनि भौतिक संरचना र कर्मचारी पर्याप्त नहुँदा बालकको बानी व्यवहार सुधार्न, पारिवारिक तथा सामाजिक पुनर्मिलन र पुनर्स्थापनाका लागि चाहिने वातावरण, शिक्षा, स्वास्थ्य, खेलकुदको सुविधा दिन सकिएको छैन । बाल सुधार गृहलाई सुधार गृहजस्तै बनाउन पहिला सुधार गृहकै उचित सुधार हुनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सम्झौताका लागि अनुकूल समय योग छ ।
**वृष** : खानपान र मनोरञ्जनमा समय व्यतित होला ।
**मिथुन** : दानपुण्यको काममा सरिक भईने समय छ ।
**कर्कट** : धार्मिक तथा सामाजिक काममा सरिक भईने छ ।
**सिंह** : अध्ययन-अध्यापनका काममा सीप बढ्ला ।
**कन्या** : धार्मिक कृत्यका काममा सरिक भईने छ ।
**तुला** : दानपुण्य र धार्मिक कृत्यमा सरिक भईने छ।
**वृश्चिक** : भौतिक सुख सुविधामा मन जाने समय छ ।
**धनु** : कामधन्दामा व्यस्त रहने समय योग छ ।
**मकर** : अप्ठ्यारो परिस्थितिलाई सहज बनाईने छ ।
**कुम्भ** : गोपनियतामा विशेष ध्यान पुऱ्याउँदा राम्रो ।
**मीन** : कार्यक्षेत्र र प्रशासनिक कार्यमा सरिक भईने छ ।

# वडा दशैंको धार्मिक तथा सामाजिक महत्व

**वर्षा ऋतु सिद्धिएर शरद ऋतु को स्वागतका लागि नयाँ पालुवाहरु घरमा भित्र्याउँदा घरभित्र रहने रोग वृद्धिकारक जीवांश (भाइरस, ब्याक्टेरिया) र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरू औषधीय पालुवाको प्रभावले घरमा रहदैनन् भन्ने धार्मिक तथा साँस्कृतिक मान्यता रहिआएको छ ।**



**अमर अधिकारी**



हिन्दू धर्मसँग सयौं पर्व र संस्कृतिहरू जोडिएर आउँछन्। सबैको आआफ्नै महत्व र विशेषता छन्। जसमध्ये एक हो दशैं। हिन्दु धर्मावलम्बीहरूको सबैभन्दा ठूलो चाड २०८० सालको वडादशै शुरुभएको छ । दशैं आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म १५ दिन मनाइन्छ। यी १५ दिन सबैको फरक फरक विशेषताहरू छन्। पुरानो मान्यता अनुसार आश्विन शुक्लपक्षको दशमी तिथिका दिन भगवान रामले लंकाका राजा रावणको वध गरेका थिए । त्यसैवेला देखि दशै मनाउन थालिएको हो। त्यसैगरी जगदम्वा भगवती दुर्गाले दानवराज महिषाशुरको वध गरी पृथ्वीमा असत्य, अपराध र अत्याचारको राजलाई समाप्त पारेकी थिइन्। यसैले पनि असत्य माथी सत्यको विजयको रुपमा दशैलाई मनाउन थालिएको हो। शुरुवात जसरी भएपनि दशै पर्वलाई असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको, युद्धमाथि शान्तिको, हिंसामाथि अहिंसाको जीतको रुपमा लिइन्छ। दशैलाई धार्मिक सहिष्णुता, सामाजिक सद्भाव, मेलमिलाप र एकताको प्रतिकको रुपमा मनाइन्छ।

बडा दशैं आश्विन शुक्ल पक्ष प्रतिपदादेखि दशमी र त्यसपछि कोजाग्रत पूर्णिमासम्म पनि मानिने विशेष पर्व वा उत्सव हो। दशैंलाई बडा दशैं, दशहरा, विजया दशमी आदि नामले जानिन्छ। यो खासगरी आश्विन शुक्ल सप्तमीका दिनदेखि दशमीका दिनसम्मका फूलपाती, महाअष्टमी, महानवमी र विजयादशमी लगातार चार दिनको महापर्व हो। यो नेपालीहरूको सबैभन्दा ठूलो राष्ट्रिय चाड हो। त्यसमा पनि विजयादशमी मुख्य दिन हो।

दशैंमा नवदुर्गा (हिन्दु धर्म की शक्तिस्वरुपा देवी दुर्गा) को नौ वटा रूप शैलपुत्री, ब्रह्मचारणी, चन्द्रघन्टा, कुशमन्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिधात्री विशेष पुजा तथा आराधाना गरिन्छ। नवदुर्गा भवानीका यी नव रूपको आश्विन शुक्लपक्ष प्रतिप्रदाकाका दिनदेखी महानवमीका दिनसम्म क्रमशः एक एक दिन गरी नौ दिनसम्म पुजा गर्ने गरिन्छ। दशौं दिन विजयादशमीमा भगवतिले दानवी शक्तिमाथी र रामले रावणमाथी विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरुप मान्यजनबाट रातो टिका र जमरा लगाएर र आशिर्वाद थापेर मनाइन्छ। टाढा टाढा देखि आउने पाउनाहरूले पूर्णिमा सम्मै पनि टीका लगाएर आश्रीवाद लिने दिने गरिन्छ।

बडादसैंको पर्वमा मालसिरी वा मालश्री धुन बजाएर र गीत गाएर र माइलो पनि गरिन्छ। देश बिदेश वा टाढा टाढा भएका आफ्ना साथीभाई, आफन्तजनसँग भेटघाट हुने वातावरण यसै समयमा सिर्जना हुन्छ। पर्वले यस्तो सुनौलो अवसर जुटाइदिन्छ।त्यसको बेग्लै मज्जा छ। दशैमा दक्षिणा, टिका, जमरा र पिडको मज्जालाई छुट्टै खास अर्थ र महत्वका रुपमा लिइन्छ।

त्रेता युगमा यहि दिनमा श्रीरामले सीताको हरण गर्ने रावणको बध गरेको सम्झनामा यस चाडलाई विशेष गरी मनाइन्छ। श्रीरामले दशौं दिनमा रावणमाथि विजय हाँसिल गरेको भएर दशैलाई वडादशै एवम् विजयदशमीको नामले पूकारिन्छ। दशैंलाई असत्य माथि सत्यको बिजयको रुपमा हेरिन्छ। भगवतीले दानवी शक्ति माथि विजय गरेको विश्वास मानिन्छ।

विजयदशमी भगवान रामको विजयको रुपमा मनाइयोस् अथवा दुर्गा पूजाको रुपमा, दुवै रुपमा यो शक्ति-पूजाको पर्व हो, शस्त्र पूजनको तिथि हो। हर्ष एवं उल्लास तथा विजयको पर्व हो। हिन्दू सँस्कृति वीरताको पूजक अनि शौर्यको उपासक हो। व्यक्ति र समाजको रगतमा वीरता प्रकट होस् भन्ने ध्येयले दशैंको उत्सव-पर्व सुरु भएको हो। यो महा खुशीको पर्व हो।

चाडपर्वहरुले एउटा छुट्टै आनन्दको अनुभूति दिलाउँछ्न। हर्ष, उल्लासका साथ आउने र मनाउँने चाडपर्वले बेग्लै रौनकता ल्याइदिन्छ। भिन्न खुसी र सुख प्रदान गर्दछ। यसले पूरै वातावरणको परिवेशलाई उल्लास र रौनक तर्फ परिवर्तन गरिदिन्छ। त्यसैले त चाडपर्वलाई विशेष महत्वका साथ मनाइने गरिन्छ।

दशैको प्रमुख चार दिनहरुको आ-आफ्नै महत्व रहेका छन्। नवरात्रिको सातौं दिन फूलपाती हो। नवरात्रको सप्तमीका दिन बेलपत्र, धानको गाभा, अनार, अदुवाको बोट, कच्चु, उखु, केरा आदि नौ प्रकारका पल्लवहरू घर घरमा भित्र्याइन्छ। वर्षा ऋतु सिद्धिएर शरद ऋतु को स्वागतका लागि नयाँ पालुवाहरू घरमा भित्र्याउँदा घरभित्र रहने रोग वृद्धिकारक जीवांश (भाइरस, ब्याक्टेरिया) र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरू औषधीय पालुवाको प्रभावले घरमा रहदैनन् भन्ने धार्मिक तथा साँस्कृतिक मान्यता रहिआएको छ।

नवरात्रिको आठौं दिन महाष्टमीमा महाकाली (भद्रकालीको विशेष पूजा-आजा गरिन्छ। देवीभागवत् अनुसार प्राचीन कालमा दक्षप्रजापतिको यज्ञ नाश गर्ने ज्यादै शक्तिशाली भद्रकाली (करोडौं योनी-शक्ति)का साथ अष्टमीका दिन उत्पन्न भएकाले पूजा गर्ने चलन रहिआएको छ। पूजापश्चात् मानिसहरू नवदुर्गा, आ-आफ्ना कुलदेवी, देवता र स्थानीय देवीदेवतालाई पूजी बोका, कुखुरा, हाँस, राँगो आदि बलि दिन्छ्न्। शाकाहारीहरूले नरिवल, कुभिण्डो, केरा, घिरौंला, आदि फल अर्पण गर्दछन्। महाअष्टमी र महानवमी बिचको रातलाई कालरात्रि मानेर रातभरि गुप्तपूजा गरिन्छ।

नवरात्रिको नवौ दिन महानवमीमा विशेष गरी सिद्धिधात्री देवीको पूजा-आजा गरिन्छ। यसै दिन बिहान कलपूर्जा, हातहतियारहरू तथा सवारीका साधनहरू आदिलाई बलि दिई विश्वकर्माको पूजा पनि सम्पन्न गरिन्छ। यस दिन अरू पूजाको अतिरिक्त विशेष गरी दुई वर्षदेखि दस वर्षसम्मका नवकन्याहरूको पनि पूजाआजा गरिन्छ। बलिको अर्थ त्याग, बलि दिनु अर्थात् त्यागिदिनु भन्ने हुन्छ। नवदुर्गाका प्रसादले काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, द्वेष, छल, कपट, यी दश प्रकारका अवगुणहरू हट्न् र सुख, शान्ति, समृद्धि प्राप्त होस् भन्ने भावले सबै दश अवगुणहरुको त्याग गर्दै आएकोमा पछिबाट कामको प्रतीक बोको, क्रोधको प्रतीक राँगो, लोभको प्रतीक भेडो, मद, मात्सर्यको प्रतीक कुखुरो र हाँसलाई मान्दै बलि चढाउँने चलन आएको मानिन्छ।

नवरात्रिको दशौ दिनलाई विजयादशमी भनिन्छ। आश्विन महिनाको शुक्लपक्षको श्रवण नक्षत्रले युक्त दशमीलाई विजयादशमी भनिन्छ, यो दशैंको खास दिन पनि हो।

यस दिन घर घरमा भगवती दुर्गा र अरु देवीहरु तथा देवताको पूजा गरी, नौ दिनसम्म गरेको पूजाको काममा कुनै त्रुटि भयो कि भनी त्यसलाई पूरा गर्न तामाको थालीमा चन्दनले अष्टदल लेखी त्यसका बीचमा माटाका देवीका तीन प्रतिमा वा राता अक्षताका तीन थुप्रा राखी बीचमा अपराजित देवी, दाहिनेतिर जयादेवी, देब्रेतिर विजया देवीको आवाहन र सोह्र सामाग्रीले पूजा गरी यथाशक्ति हवन गरी जमरालाई पूजा गरी अनि भगवती दुर्गा र अन्य देवदेवीहरुलाई चढाइ आरती र पुष्पाञ्जलि गर्ने गरिन्छ। यति गर्नाले कसैले पनि आफूमाथि दमन (विजय) गर्न सक्दैन भन्ने धार्मिक विश्वास छ।

त्यसपछि देवीका मूर्तिहरु र नवपत्रिकालाई बाजा, गाजा या वैदिक मन्त्र पढी जलाशयमा लगी सेलाई घडाका जलले अभिषेक गरी देवीलाई चढाएको रातो अनि सेतो वस्त्रको कपडालाई प्रसादको रुपमा घाँटीमा लगाइन्छ। त्यसपछि घरका मुलमान्छेले नव दुर्गा भगवतीको प्रसाद स्वरुप अवीर र दहीमा मुछेको चामलका टीका निधारमा, जमरा टाउकोमा लगाई दक्षिणा दिई आशिर्वाद दिन्छन्। अनि सपरिवार नातेदारकहाँ तथा मान्यवरकहाँ दशैंको लागि तयार पारी राखिएको नयाँ लुगा गहना लगाई टीका लगाउन जान्छन्। जसको लर्को तथा भिड भाड यत्र तत्र बाटोमा या बसमा प्रशस्तै देख्न सकिन्छ।

दशैंमा अक्सर आफुभन्दा ठूला, मान्यजनबाट टिका लगाएर आशिवाद दिने गरिन्छ। यसले मान्यजनप्रति श्रद्धाभाव राख्नुपर्छ भन्ने संकेत गर्छ। मान्यजनले दिने आशिष हाम्रो निम्ति जीवनोपयोगी हुन्छ भन्ने पनि हो। साथै ठूलाबडाहरुले आफुभन्दा सानालाई सही मार्गदर्शन दिनुपर्छ। सही संस्कार दिनुपर्छ भन्ने सन्देश पनि हो यो।

दशैंमा आफुभन्दा ठूला मान्यजन र आफन्तबाट आशीर्वाद लिन निधारमा टिका थापिन्छ। यसरी मान्यजनले आशिष दिदै लगाइदिने टिकाको पनि निकै अर्थपूर्ण महत्व छ। मानिसको मस्तिष्कमा रहेको विकारलाई हटाई पराक्रमी पुरुषार्थी भावको विकासका लागि टीका लगाउने गरिन्छ। यसले मान्यजनप्रति श्रद्धाभाव राख्नुपर्छ भन्ने पनि संकेत गर्छ। टिका जसलाई अक्षता पनि भनिन्छ। गाईको दुधको दही, चिनी, जिठोको रातो रंगमा मिश्रण गरिएको चामलको टिका निधारको मध्यभाग आज्ञा चक्रमा लगाइन्छ। यो दुबै आँखीभौंको माझमा हुन्छ। यसलाई तेस्रो नेत्र अर्थात तेस्रो आँखा भनिन्छ। आज्ञा चक्र स्पष्टता र बुद्धिको केन्द्र हो। यसले मानव र दैवी चेतनाको मध्य सीमा निर्धारण गर्छ।

दशैंमा टीका लगाइदिने र जमरा राखिदिने चलन छ। घटस्थापनाको दिन राखेको जौको जमरा टीका थाप्नेको टोपी भित्र, टाउकोमा कपालभित्र वा कानमा आशीर्वाद दिदै राखिन्छ। जमरा राख्ने यसको आफ्नै खास विधि छ। मन्त्र छ। अँध्यारो स्थान, जहाँ सूर्यको प्रकास आउँदैन, त्यहाँ शुद्ध माटोमा जौ छरेर जमरा उमारिन्छ। धर्मशास्त्रहरुले यसलाई समृद्धिको प्रतीक मानिएका छन्। संस्कृतमा यव भनिने जौको जमरा खासमा भन्ने हो भने पौष्टिक खाद्यपदार्थ हो। जौलाई स्वास्थ्यका दृष्टिले पनि औषधी मानिन्छ। यसमा कार्बोहाइड्रेड, प्रोटिन र भिटामिनहरु पाइन्छ। जमरा वा यसको रस निकै स्वास्थ्यबर्द्धक मानिन्छ।

चिकित्सकहरुका अनुसार सात वा नौ दिनको जमरा पिँधेर झोल बनाई नित्य सेवन गर्न हो भने उच्च रक्तचाप, अर्बुद (क्यान्सर) एवं मधुमेहजस्ता रोगमा फाइदा मिल्छ। जमराको रसको सेवनले सौन्दर्यता समेत निखार ल्याउँछ। यसैगरी बिरामी भएर कमजोर भएका व्यक्तिहरुलाई जौबाट निर्मित खाद्यपदार्थ खुवाउनाले शरीरमा चाँडै शक्तिसञ्चार हुने कुरा विभिन्न अनुसन्धानले प्रमाणित गरिसकेका छन्। हाम्रा गाउँघरमा अझै पनि दसैंको जमरालाई सुकाएर राखी विभिन्न रोग लाग्दा पानीमा उमालेर पिउने चलन छ। अमेरिकी वैज्ञानिकहरुले गरेको अनुसन्धानअनुसार अंकुरित जौ सम्पुर्ण आहार र औषधीमध्ये सर्वोत्कृष्ट खाद्यपदार्थ हो। भारतीय चिकित्सकहरुले पनि जमराको प्रयोगबाट पेट, आन्द्रा, हाड एवं अन्य रोगहरुको सफल उपचार गरिसकेका छन्। प्रशस्त औषधीय गुण पाइने हुनाले पनि अंकुरित जौलाई सांकेतिक रुपमा विजयादशमीको प्रसादका रुपमा ग्रहण गरिन्छ।

अन्न विना प्राण रहन गाह्रो छ। त्यसमाथि पनि नेपालीहरुको प्रमुख खाना भात नै हो। त्यसैले चामलको महत्व हामी सवैलाई थाहा नै छ। चामलको सम्मानको लागि पनि हामी टिका लगाउने गर्दछौं, जसमा किसानहरुको विषेश सम्मान गरिन्छ।

दशैको सामाजिक र धार्मिक महत्वलाई हेर्दा यो आडम्वरको चाड हुँदै होइन। दशै दशा पनि होइन। यस चाडलाई आफ्नो गच्छेअनुसार मनाउनु पर्दछ। घाँटी हेरेर हाड निल्नु भन्ने भने झै आफ्नो आम्दानी हेरेर खर्च गर्नुपर्दछ। दशैलाई साकाहारी पनि वनाउन सकिन्छ। माँसहार नै गर्ने भएपनि कम गर्न सकिन्छ। दशै आपसी सद्भाव, हर्ष र उमंगको चाड भएकोले यसलाई तडक भडक भन्दा सामान्य कम खर्चिलो र सवैले धान्न सकिने बनाउनु पनि आवश्यक छ। यहाँहरु सवैलाई वडा दशै २०८० को सुअवसरमा हार्दिक मंगलमय शुभकामना।

# राष्ट्रिय सहमतिको सरकार आवश्यकः सभापति बानियाँ



समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले राष्ट्रिय सहमतिमा सरकार बन्न आवश्यक रहेको बताउनुभएको छ। सोमबार नेपाली कांग्रेस मकवानपुरले पार्टी कार्यालयमा आयोजना गरेको चियापान तथा चाडपर्वलक्षित शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

चुनावको समयमा एक अर्कालाई हराउनमा लगेता पनि अब सबै राजनैतिक दल मिलेर अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । सबै राजनैतिक दल मिलेर २०७२ सालमा संविधान निर्माण गरेकोमा संविधान संशोधन गर्न आवश्यक रहेको बताउनुभयो । वर्तमान अवस्थामा गरिब जनताको पक्षमा रहेर राजनैतिक दलहरुले काम गर्नुपर्ने बताउँदै विगतका कार्यहरु परिर्माजन गरेर जानुपर्नेमा उहाले जोड दिनुभयो ।

जनताप्रति सरकार उत्तरदायी हुनुपर्ने भन्दै बानियाँले असत्य बेथितिको अन्त्य गर्दै जानुपर्ने बताउनुभयो। पछिल्ला दिनमा विभिन्न ठाउँमा द्वन्द्व बढ्दै गएकाले त्यस्ता घटना हुन दिन नहुनेमा उहाँले जोड दिनुभएको छ। दलहरुमा आरोप प्रत्यारोप लगाउने परिपाटी बढेकाले त्यसको अन्त्य गर्नुपर्ने उहाँले बताउनुभयो ।

देशमा राजनैतिक दलहरुको एकता हराउँदै गएकाले काँग्रेस, एमाले र मावोवादीमा स्थायित्व हुनुपर्ने सभापति बानीयाँको भनाइ छ । जनताले समृद्धि, रोजगारी चाहेकाले सरकारले त्यस्तो नीति लिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

चियापान कार्यक्रममा नेकपा मावोवादी केन्द्रका केन्द्रीय सदस्य एवम् बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तान, नेकपा एमालेका जिल्ला अध्यक्ष एवम् प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामालगायत पार्टीका नेता कार्यकर्ता, भातृसंगठनका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# श्री आधारभूतलाई स्टेशनरी, लामिटारमा लागूऔषध विरुद्ध सचेतना

समाज संवाददाता

हेटौंडाः जेसीआई चैनपुर प्रस्तावितको जेसीज सप्ताह कार्यक्रम अन्तर्गत सोमबार राक्सिराङ गाउँपालिका-३ स्थित श्री आधारभूत विद्यालयलाई स्टेशनरी तथा खेलकुद सामग्री हस्तान्तरण गरिएको छ। सोमबार बिहान एक कार्यक्रमका बीच विद्यालयको विपन्न तथा गरिब विद्यार्थीको सहजताका लागि कापी, कलम, सिसाकलमसहितको स्टेशनरी सामग्री र फुटबल सहयोग गरिएको हो ।

कार्यक्रम संयोजक चुडामणि अधिकारी गोपालको संयोजकत्व एवम् जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीको अध्यक्षता भएको कार्यक्रममा जेसीआई चैनपुर प्रस्तावितका अध्यक्ष सल्लाहकार ज्योतिराज लुइँटेलको प्रमुख आतिथ्य रहेको थियो । सहयोगका लागि धन्यवाद ज्ञापन गर्दै श्री आधारभुत विद्यालयका शिक्षक विजय थोकरले आगामी दिनमा पनि सहकार्यका लागि अनुरोध गरे। प्रमुख अतिथि लुइँटेलले सामाजिक कार्यसँगै युवाहरुको नेतृत्व र व्यक्तित्व विकासका लागि काम गर्न अनुरोध गरे । जेसीज अभियानलाइ सार्थकता दिन आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने उहाँको प्रतिबद्धता रहेको थियो ।

यस्तै जेसीज सप्ताह अन्तर्गत सोमबारै दिउँसो स्थानीय शिवशक्ति टोल विकास संस्थाको विशेष अनुरोधमा मनहरी गाउँपालिका-३, लामिटारमा लागूऔषध दुर्व्यसन सम्बन्धी सचेतना कार्यक्रम भएको छ। गाउँमा लागूऔषध दुर्व्यसन बढेको भन्दै टोल विकास संस्थाले कार्यक्रमका लागि अनुरोध गरेको हो । कार्यक्रम संयोजक सुवास खड्काको संयोजकत्वमा भएको कार्यक्रममा ईलाका प्रहरी कार्यालय नेवारपानीका प्रहरी सहायक निरीक्षक कृष्ण न्यौपानेको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा मकवानपुर रिकभरिङ समूहका महासचिव सन्दिप शाक्य, साहारा समूहका अनिल तामाङ र सहायक निरीक्षक न्यौपानेले सहजीकरण गरेका थिए । कार्यक्रममा शिवशक्ति टोल विकास संस्थाका अध्यक्ष इन्दिरा राई, जेसीज सप्ताह सहमूल कार्यक्रम संयोजक मिलन ढुंगाना लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# सवारी साधनमा टाइम कार्ड लागू

समाज संवाददाता

हेटौंडाः जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले सार्वजनिक सवारी साधनमा टाइम कार्ड लागू गरेको छ । सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले चाड-पर्वलक्षित गरी मंगलबारबाट टाइम कार्ड लागू गरेको ट्राफिक प्रहरीले जारी गरेको सूचनामा जनाइएको हो ।

चुरियामाई- हेटौंडा बसपार्क, मनहरी हुँदै चितवन जाने सार्वजनिक यात्रुवाहक सवारी साधनहरुमा अनिवार्यरुपमा टाइम कार्ड लागू भएको ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको सहकार्यमा टाइम कार्ड लागू गरिएको हो ।

सो रुटमा चल्ने यात्रुवाहक सवारी साधनलहरुले अनिवार्य टाइम कार्ड लिनुपर्ने व्यवस्था गरिएको सूचनामा उल्लेख छ । टाइम कार्ड नलिई सवारी चलाएमा यातायात व्यवस्था ऐन, नियमबमोजिम कारवाही हुनेसमेत प्रहरीले जनाएको छ।

स्वादिष्ट नेवारी खाजा
अब

होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

दरवार एग्रोमार्टको
दशैं
बम्पर अफर
१० असोज देखि कार्तिक ११ गते सम्मको अवधिमा एक पटकमा ५०००।- वा सो भन्दा बदी रकमको सामाग्रीहरू खरीदमा लक्की-ड्र मार्फत ३ जोडीलाई पुरस्कार वितरण गरिने छ ।
पुरस्कारहरू
- १ दिन सौराहा टुर प्याकेज
- २ जोडी लाई डिनर प्याकेज
सम्पर्कः ९८४५४३८८६०/०५७-५९११५९
DURBAR AGRO MART
Hetauda–4, Shitalmahal road

मकवानपुर बाल विद्या सदन
हेटौंडा-१८, खड्कुले
वडा दशैं २०८० को

सम्पूर्ण नेपालीजनमा हार्दिक मंगलमय शुभकामना ।

मकवानपुर बाल विद्या सदन
हेटौंडा-१८, खड्कुले

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
The Voice of Community

वडा दसैंको शुभकामना
वडा दसैंको शुभ अवसरमा सम्पूर्णमा सुस्वास्थ्य, दीर्घायु एवम् सुखद् समयको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सानु लामा, अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
रामशरण दाहाल
प्रधानाध्यापक
एवम् सरस्वती बालबोधिनी मावि परिवार
ईन्द्रसरोवर गाउँपालिका-१, मार्खु



# केदारेश्वर र पुलिस फाइनलमा


म्यान अफ द म्याचको ट्रफी वितरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः मनहरी-९ रजैयास्थित केदारेश्वर युवा क्लब र बागमती प्रदेश प्रहरी गण प्रथम चैनपुर जेसीज कप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। सोमबार भएको सेमिफाइनल खेलमा रजैयाले सिमपानी एफसी मनहरीलाई र पुलिसले सयपत्री एफसी सुनाचुरीलाई हराउँदै फाइनल भिडन्त पक्का गरेको हो।

पहिलो खेलमा रजैयाले सिमपानीलाई १-० गोलअन्तरले हराएको हो। खेलमा प्रयास तामाङले गरेको गोल नै निर्णायक बन्यो। पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। तामाङले दोस्रो हाफमा गोल गरेका हुन्। म्यान अफ द म्याच निर्णायक गोलकर्ता तामाङ नै घोषित भए। यस्तै दोस्रो खेलमा प्रहरीले सयपत्री एफसीलाई टाइब्रेकरमा हराएको हो। निर्धारित समय गोलरहित बराबरी भएपछि टाइब्रेकरमार्फत निर्णय लिइएको हो। टाइब्रेकरमा पुलिसको ४ वटा प्रहार गोल हुँदा सयपत्रीको २ जनाले मात्र गोल गरेका थिए। सयपत्रीको एउटा प्रहार बाहिरिएको थियो भने एउटा प्रहार बारमा लागेर फर्किएको थियो। म्यान अफ द म्याच प्रदेश प्रहरी गणका विशाल थिङ घोषित भए।

कात्तिक १ गते फाइनल खेल हुने आयोजक जेसीआई चैनपुर प्रस्तावितका अध्यक्ष गणेशदर्पण अधिकारीले जानकारी दिनुभएको छ। १६ टिमको सहभागिता रहेको प्रतियोगिताको विजेताले ५० हजार ५५५ र उपविजेताले २५ हजार ५२५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै विधागत उत्कृष्ट खेलाडीलाई समेत नगदसहित पुरस्कारको व्यवस्था रहेको छ। प्रतियोगिताको फाइनलकै दिन जेसीज सप्ताहको समापन समेत हुनेछ। फुटबल खेलको विकाससँगै खेलाडीको बीचमा भातृत्वको सम्बन्ध स्थापनाको लागि चैनपुर जेसीजले खुला फुटबल प्रतियोगिता आयोजना गरेको हो।

# १२ वर्षपछि पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले लागुऔषध गाँजा मुद्दाका फरार प्रतिवादीलाई १२ वर्षपछि पक्राउ गरेको छ। पक्राउ पर्नेमा थाहा नगरपालिका-१२, भञ्ज्याङका ६९ वर्षीय नाईके भन्ने धनमाया लामा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

२०६८ साल माघ १ गते मकवानपुरको साविक टिस्टुङ गाविस-६ का लामालाई भञ्ज्याङबाट पक्राउ गरेको जनाएको छ। लामाले आफ्नो घर पछाडी बारीमा १ हजार ४ सय ४० किलो लागुऔषध गाँजा लुकाई छिपाई राखेको अवस्थामा प्रहरीले फेला पारेको थियो। घटना पश्चात फरारमा रहेकोमा लामाको खोजतलासको क्रममा सोमबार बिहान ४ बजेर ३० मिनेटको समयमा आफ्नै घरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

# नगर अस्पतालमा जागिर खान २ डाक्टरसहित ८ सयको आवेदन

समाज संवाददाता

हेटौँडाः मकवानपुरको हेटौँडा उपमहानगरपालिकाले नगर अस्पताल सञ्चालनका लागि कर्मचारी माग गर्दा झण्डै ८ सय जनाको आवदेन परेको छ। हेटौँडा-१७, हटिया र हेटौँडा-१३, पदमपोखरीमा नगर अस्पताल सञ्चालन गर्नका लागि कर्मचारी माग गरेकोमा ७ सय ९५ जनाले आवेदन दिएको हेटौँडा उपमहानगर पालिकाका शाखा प्रमुख शान्ति विश्वकर्माले जानकारी दिनुभयो।

हेटौँडा-१७ को हटिया स्वास्थ्य चौकी र हेटौँडा-१३ को पदमपोखरी स्वास्थ्य चौकीलाई नगर अस्पतालको रुपमा सञ्चालन गर्ने गरी स्वास्थ्यकर्मी र कर्मचारी माग गरेको हो। उपमहानगरपालिकाले मेडिकल अधिकृत, स्टाफ नर्स, प्रयोगशाला प्राविधिक, अहेव, कम्प्युटर अपरेटर र कार्यालय सहयोगीको माग गरेको थियो।

उपमहानगरपालिकाले २ जना मेडिकल अधिकृत माग गरेकोमा दुई जनाले मात्र आवेदन दिएको शाखा प्रमुख विश्वकर्माले जानकारी दिनुभयो। आवेदन दिने २ जना मेडिकल अधिकृतमध्ये एकजना हेटौँडा उपमहानगरपालिकाकै स्थायीवासी हुनुहुन्छ भने अर्का आवेदक गुल्मी जिल्लाबाट हुनुहुन्छ। २ जना स्टाफ नर्स माग गर्दा २० जनाले आवेदन दिएको उहाँले बताउनुभयो। एक जना प्रयोगशाला प्राविधिक माग गरिएकोमा ९ जना, एक जना अहेव माग गरिएकोमा २७ जनाले आवेदन दिएका छन्। यस्तै, ७ जना कम्प्युटर अपरेटर माग गरिएकोमा ३ सय ७५ जना र ४ जना कार्यालय सहयोगी माग गरिएकोमा ३ सय ६२ जनाले आवेदन पेश गरेको विश्वकर्माले जानकारी दिनुभयो। गत आर्थिक वर्षदेखि नै उपमहानगरले नगर अस्पताल सञ्चालनको सोच बनाए पनि कार्यान्वयनमा ल्याउन सकेको थिएन।

# सवारी दुर्घटनामा ३ जनाको मृत्यु

समाज संवाददाता

सवारी दुर्घटनामा ३ जनाको मृत्यु

हेटौंडाः प्रदेशको विभिन्न जिल्लामा भएको सवारी दुर्घटनामा ३ जनाको मृत्यु भएको छ। ६ जना घाइते भएका छन्। प्रदेशको धादिङ, काभ्रेपलान्चोक र चितवनमा गरी ३ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

धादिङ जिल्लाको गंगाजमुना गाउँपालिका-४ गुम्दिमा जिप अनियन्त्रित भई पल्टिँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा गंगाजमुना गाउँपालिका-२ का १४ वर्षीय अनुरोध तामाङ रहेको प्रहरीले जानकारी दिएको छ। आइतबार बिहान ११ बजेर ४० मिनेटको समयमा भित्रि सडक खण्डमा धादिङबेशीबाट गंगाजमुना जाँदै गरेको मे १ ज २६६९ नम्बरको जिप आफैं अनियन्त्रित भई पल्टिँदा तामाङको घटनास्थलमै मृत्यु भएको थियो। घटनामा अन्य ५ जना सामान्य घाईते भएका छन्। घाइते सबैको जिल्ला अस्पतालमा उपचार भइरहेको छ।

काभ्रेपलान्चोकको पाँचखाल नगर पालिका-६, चामुण्डा पेट्रोल पम्पमा मोटरसाइकल र स्कुटर एक आपसमा ठोकिँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ५० वर्षीय नारायण तिमल्सिना रहेको प्रहरीले जानकारी दिएको छ। आइतबार पाँचखालबाट धुलिखेल जाँदै गरेको बा ७२ प ९७६२ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको बा प्र ०२-०२४ प २५०१ नम्बरको स्कुटर ठोकिँदा मोटरसाइकल चालक तिमल्सिना लाई उछिटिंएर धुलिखेल जाँदै गरेको बा प्र ०१-००४ क २३२८ नम्बरको टिफर ठोकिँदा घटनास्थलमा नै मृत्यु भएको थियो। स्कुटर चालक लिसङखु पाखर गाउँपालिका-४ का २१ वर्षीय पेम्बा छिरिङ लामा सामान्य घाईते भई उपचारका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ। प्रहरीले मोटरसाइकल, स्कुटर र टिफर नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको छ।

यस्तै, चितवन ईच्छाकामना गाउँपालिका-६, नौकिलोमा स्कुटर आफैं अनियन्त्रित भई पल्टिँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा २४ वर्षीया संगीता भण्डारी रहेको प्रहरीले जनाएको छ। आइतबार बिहान ८ बजेको समयमा मुग्लिङ-नारायणगढ सडक खण्डमा बा प्र ०२०४६ प १६९२ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई पल्टिँदा चालक भण्डारीको घटनास्थलमा मृत्यु भएको थियो।





वडा दसैंको शुभकामना



वडा दसैंको शुभ अवसरमा सम्पूर्णमा सुस्वास्थ्य, दीर्घायु एवम् सुखद् समयको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नारायणलाल श्रेष्ठ, अध्यक्ष
एवम् औषधी व्यवसायी संघ मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli

२०-२५% दशैं विशेष अफर



AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOIER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरू होलसेल मुल्यमा पाईन्छ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ।

प्रोप्राईटरः अंकित ढकाल
९८५५०-६२९७७

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ